

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २९८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर ११ गते आइतबार ❑ 27 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## समानुपातिकमा एमालेको अग्रता कायमै

रासस
काठमाडौं, १० मंसिर

प्रतिनिधिसभा सदस्य निर्वाचन सकिएको सात दिन पूरा हुँदा पनि प्रत्यक्षतर्फको मतपरिणामसँगै समानुपातिकतर्फको पनि मतगणना जारी छ ।

प्रतिनिधिसभाको प्रत्यक्षसम्म एक सय ५४ निर्वाचन क्षेत्रको मतपरिणाम टुङ्गो लागिसकेको छ भने समानुपातिकतर्फ कुन दलले कति सिट पाउने टुङ्गो लागेको छैन । निर्वाचन आयोगका अनुसार शनिबार बेलुकासम्म समानुपातिकतर्फ ८० लाख ५० हजार पाँच सय १० मतगणना भइसकेको छ । जसमा नेकपा (एमाले)ले अग्रता कायम राखेको छ । एमालेले सबैभन्दा बढी २२ लाख २३ हजार आठ सय ८१ मत प्राप्त गरेको छ ।

दोस्रो स्थानमा रहेको रहेको नेपाली कांग्रेसले २१ लाख २८ हजार पाँच सय ७३ मत प्राप्त गरेको छ भने तेस्रो स्थानमा रहेको नेकपा (माओवादी केन्द्र)ले नौ लाख ३३ हजार सात सय ३८ मत प्राप्त गरेको छ ।

आयोगका अनुसार राष्ट्रिय स्वतन्त्र पार्टीले नौ लाख नौ सय ६७ मत प्राप्त गरेको छ । भने राष्ट्रिय प्रजातन्त्र पार्टीले चार लाख ७७ हजार तीन सय दुई र जनता समाजवादी पार्टीले दुई लाख ६० हजार दुई सय ९२ मत प्राप्त गरेका छन् । त्यसैगरी जनमत पार्टीले एक लाख ९६ हजार ४६, नागरिक उन्मुक्ति पार्टीले एक लाख ९० हजार एक सय ४३ मत प्राप्त गरेका छन् । लोकतान्त्रिक समाजवादी पार्टीले एक लाख आठ हजार ३३ मत, नेपाल मजदुर किसान पार्टीले ६९ हजार ८५ मत प्राप्त गरेको आयोगको तथ्याङ्क छ ।

हाम्रो नेपाल पार्टीले ४७ हजार एक सय ७६, राष्ट्रिय जनमोर्चाले ४२ हजार ५३, मङ्गोल नेश्नल अर्गनाईजेशनले ४१ हजार सात सय ७४, नेपाल संघीय समाजवादी पार्टीले २४ हजार तीन सय ८० र नेकपा (माले) ले २३ महार तीन सय २८ मत प्राप्त गरेका छन् भने नेश्नलिष्ट पिपल्स पार्टीले एक हजार दुई सय नौ मत प्राप्त गरेको छ ।

यसैगरी नेकपा (एकीकृत समाजवादी)ले समानुपातिकतर्फ दुई लाख मत कटाएको छ । निर्वाचन आयोगका अनुसार पार्टीले दुई लाख सात हजार दुई सय ७३ मत प्राप्त गरेको छ । समानुपातिकतर्फ तीन प्रतिशतको थ्रेसहोल्ड नपुऱ्याए राष्ट्रिय पार्टी बन्छ कि बन्दैन भन्ने संशय पैदा भइरहेका बेला पार्टीले दुई लाख बढी मत प्राप्त गरिसकेको छ ।

एकीकृत समाजवादीका नेता डा बेदुराम भुषालले समानुपातिकतर्फ अपेक्षा गरेभन्दा कम मत प्राप्त भएको बताउनुभयो । 'हाम्रो पार्टीले समानुपातिकतर्फ कम मत प्राप्त गरेको छ, यो हाम्रो अपेक्षाभन्दा कम मत हो', उहाँले भन्नुभयो, 'सबै स्थानको मतगणना भइसक्दा थ्रेसहोल्ड कट्छ भन्नेमा विश्वास छ ।' नेता भुषालले प्रत्यक्षतर्फ भने पार्टीले सकारात्मक परिणाम हासिल गरेको बताउनुभयो । यद्यपि, मकवानपुर-२, काठमाडौं-८ र ललितपुर-२ मा भने अपेक्षित नतिजा नआएको उहाँको भनाइ छ । निर्वाचन आयोगका अनुसार मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा कूल ६१ प्रतिशत मत खसेको थियो । समानुपातिक निर्वाचन प्रणालीमार्फत् एक सय १० प्रतिनिधिसभा सदस्य चुनिने संवैधानिक व्यवस्था छ । प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ दुई हजार एक सय ९९ उम्मेदवारको नाम अन्तिम बन्दसूचीमा कायम गरिएको छ ।

## 'पराजयको जिम्मेदवारी मै लिन्छु, दोष कसैलाई दिन्न' : पहारी

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर



गण्डकी प्रदेशका निवर्तमान सांसद राजीव पहारीले भर्खरै सम्पन्न निर्वाचनमा आफुलाई सहयोग गर्ने सम्पूर्णप्रति आभार व्यक्त गरेका छन् ।

गण्डकी प्रदेश कास्की क्षेत्र नम्बर ३ मा आफु पराजित भएसंगै उनले विजयी उम्मेदवार गठबन्धनका साझा उम्मदेवार प्रकास बराललाई बधाई ज्ञापन समेत गरे । 'लोकतन्त्रमा हारजित निर्बाचनको स्वभाबिक प्रकृया हो । निर्वाचनमा बिजेता बन्नु भनेको जनता बाट जिम्मेवारी प्राप्त गर्नु हो र उप बिजेता बन्नु भनेको जनताको बिचमा रहेर जनताका समस्याहरु समाधान गर्न निरन्तर खबरदारी गर्नु हो भन्ने मेरो बुझाई छ । यहि मसिर ४ गते सम्पन्न भएको निर्बाचनमा मप्रति व्यक्त गर्नुभएको माया, सद्भाव र अमूल्य मतका लागि कास्की ३(२) का आदरणीय मतदाताहरुप्रति हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु । निर्वाचन अभियानका क्रममा प्राप्त बुवाआमाहरुको आशीर्वाद, युवाहरुको उर्जा, पार्टी पंक्ति नेता/कार्यकर्ताको समसाथप्रति म आभारी छु'- पहारीले भनेका छन् ।

पहारीले विगत दुई महिनादेखि सफलताको सङ्कल्प बोकेर निर्वाचनमा खटिने पार्टी नेता/कार्यकर्ता कमरेडहरु, घर दैलो गर्नुहुने आमा दिदीबहिनीहरु, अभियानमा जुटेका साथीहरु, मतदानकै लागि देश बिदेशबाट छुट्टी मिलाएर आएका शुभचिन्तक, माहौल सिर्जना गर्न अहोपात्र खटिने सिर्जनशिल कलाकार र स्वयंसेवकहरु सबैप्रति कृतज्ञ रहेको जनाएका छन् । 'भौतिक रुपमा उपस्थित हुन नसके पनि विभिन्न माध्यमबाट मलाई शुभकामना व्यक्त गर्नु हुने एवं प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सबैप्रति धन्यवाद व्यक्त गर्दछु । निर्बाचन अभियानको सार्थक कभरेजका लागि सबै सञ्चारकर्मीहरु र निर्वाचन सम्पन्न गराउने कार्यका लागि मुख्य निर्वाचन अधिकृत, मतदान अधिकृत, प्रशासन, सुरक्षाकर्मीहरू र कर्मचारी मित्रहरुलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु-पहारीले आभार वक्तव्यमा उल्लेख गरेका छन् ।

निर्वाचन पराजयको जिम्मेदवारी आँफैले लिँदै उनले भनेका छन्- 'निर्बाचन जित्दा मेरो कारणले र हार्दा अरुका कारणले भनि आरोप प्रत्यारोप प्रवृत्तिबाट माथि उठि यस प्रतिकूल परिणामको नैतिक जिम्मेवारी म मेरै काँधमा लिन्छु । यस परिणामको ठण्डा दिमागले बस्तुनिष्ठ समिक्षा गर्दै यसलाई भबिष्यको राजनीतिक मार्ग दिशाकालागि पाठको रुपमा ग्रहण गर्ने बाचा गर्दछु ।'

## प्रदेशसभा समानुपातिकतर्फ छ प्रदेशमा एमाले, एक कांग्रेस अगाडि

रासस
काठमाडौं, १० मंसिर

प्रदेशसभा समानुपातिकतर्फ नेकपा (एमाले) छ प्रदेशमा पहिलो भएको छ ।

प्रदेशसभा सदस्य समानुपातिकमा निर्वाचन आयोगले आज साँझ ८ बजेसम्म अद्यावधिक गरेको मतपरिणामअनुसार प्रदेश नं १ मा (एमाले) ले तीन लाख ४६ हजार दुई सय ४४ मत प्राप्त गरेको छ ।

त्यसैगरी कांग्रेसले तीन लाख छ सय ४९ र नेकपा (माओवादी केन्द्र) ले एक लाख एक हजार तीन सय ७२ मत पाएको छ । यस प्रदेशमा जनता समाजवादी पार्टी, नेपाल, नेकपा (एकीकृत समाजवादी) र जनमत पार्टी, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चलगायत पार्टीले एक लाख पुऱ्याउन सकेका छैनन् ।

मधेस प्रदेशमा भने कांग्रेस समानुपातिकमा एक लाख ८० हजार आठ सय १६ मत पाएको छ भने (एमाले) ले एक लाख ५४ हजार सात सय ९२ हजार मत प्राप्त गरी दोस्रो स्थान रहेको छ । जसपा नेपालले एक लाख २६ हजार तीन सय ८६ र जनमत पार्टीले एक लाख दुई हजार आठ सय ४४ मत प्राप्त गरेको छ । माओवादी केन्द्रले ७० हजार पाँच सय ६२ मत प्राप्त गरी पाँचौं स्थानमा छ । बागमती प्रदेशमा एमालेले तीन लाख ८४ हजार चार सय ८३ मत ल्याएको छ । कांग्रेसले तीन लाख ३६ हजार ८४, राष्ट्रिय प्रजातन्त्र पार्टीले दुई लाख एक हजार तीन सय ९३, माओवादी केन्द्रले एक लाख ८७ हजार एक र नेपाल मजदुर किसान पार्टीले ६१ हजार ५६६ मत पाएको छ ।

गण्डकी प्रदेशमा एमालेले तीन लाख ११ हजार तीन सय ८९, कांग्रेसले दुई लाख ८८ हजार तीन सय ७३, माओवादी केन्द्रले एक लाख १२ हजार दुई सय २१ र राप्रपाले ५४ हजार सात सय ३६ मत पाएको छ । लुम्बिनी प्रदेशमा एमालेले तीन लाख ९३ हजार नौ सय, कांग्रेसले तीन लाख ६२ हजार, ३२, माओवादी केन्द्रले एक लाख ३९ हजार चार सय ७४ र राप्रपाले ९७ हजार सात सय एक मत पाएको छ ।

त्यसैगरी कर्णाली प्रदेशमा एमालेले एक लाख ४६ हजार आठ सय २०, कांग्रेसले एक लाख ३० हजार ६६, माओवादी केन्द्रले एक लाख १७ हजार ६२ र एकीकृत समाजवादीले २९ हजार ५१ मत प्राप्त गरेको छ । सुदूरपश्चिम प्रदेशमा एमालेले दुई लाख १० हजार ५६, कांग्रेसले एक लाख ९७ हजार नौ सय १०, माओवादी केन्द्र ले ९२ हजार सात सय ९५ मत प्राप्त गरी तेस्रो स्थानमा रहेको छ ।

## मुलुकमा अस्थिरता आउन दिइने छैन- अध्यक्ष ओली

रासस
काठमाडौं, १० मंसिर

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले वर्तमान समयमा सुदृढ राष्ट्रिय एकताको आवश्यकता रहेको बताउनुभएको छ । उहाँले मुलुकलाई अस्थिरतातर्फ लैजान नदिनका लागि एकता आवश्यक रहेको बताउनुभएको हो ।

झापा निर्वाचन क्षेत्र नं ५ बाट निर्वाचित भएपछि आयोजित धन्यवाद ज्ञापन कार्यक्रममा बोल्दै उहाँले कुनै पनि दलको स्पष्ट बहुमत नभएको अवस्थामा मुलुकलाई अगाडि बढाउन एमालेले अगुवाइ गर्ने बताउनुभयो ।

प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि उहाँ ३ दिनदेखि निर्वाचन क्षेत्रका मतदातालाई धन्यवाद दिने कार्यक्रममा सहभागी हुँदै आउनुभएको छ ।

## तेस्रो पटक संसद्मा प्रखररूपमा प्रस्तुत हुँदै एमाले उपमहासचिव गुरुङ

पोखरापत्र संवाददाता
लमजुङ, १० मंसिर



लामो समयदेखि नेकपा (एमाले)को राजनीतिमा सक्रिय उपमहासचिव पृथ्वीसुब्बा गुरुङ सातौं प्रयासमा तेस्रो पटक संसद् प्रवेश गर्नुहुने भएको छ ।

लमजुङको प्रतिनिधिसभा सदस्य निर्वाचनको गए राति सम्पन्न मत परिणामअनुसार माओवादी केन्द्रका उम्मेदवार देवप्रसाद गुरुङलाई तीन हजार एक सय ८८ मतान्तरले पछि पार्दै गुरुङ विजयी हुनुभएको हो ।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख नारायणप्रसाद सापकोटाका अनुसार विजयी गुरुङले ३४ हजार नौ सय ६९ मत प्राप्त गर्नुभएको छ भने पराजित माओवादी केन्द्रका गुरुङले ३१ हजार सात सय ८१ मत प्राप्त गर्नुभएको छ । कूल एक लाख ३३ हजार पाँच सय ५९ मतदाता रहेकामा ८० हजार एक सय ९२ मत खसेको थियो । विसं २०७४ मा एमाले र नेकपा (माओावदी केन्द्र)बीच तालमेल थियो । उक्त निर्वाचनमा पृथ्वीसुब्बा लमजुङ प्रदेशसभा (२) बाट उम्मेदवार तथा देवप्रसाद प्रतिनिधिसभा सदस्यका उम्मेदवार बन्दै विजयी हुनुभएको थियो । पृथ्वीसुब्बा गण्डकी प्रदेशको मुख्यमन्त्री बन्न सफल हुनुभयो भने, देवप्रसाद सांसद बन्नुभयो । विसं २०७४ को निर्वाचनमा एक अर्काको सहयोगी बनेर दुवैजना कांग्रेसविरुद्ध उभिनुभएको थियो । यस पटक भने, माओवादी केन्द्र कांग्रेसलगायत गठबन्धनसँग मिलेर एमालेविरुद्ध नै प्रतिस्पर्धामा उत्रिएको थियो । जिल्लामा यी दुई कम्युनिष्ट नेताबीच पहिलो पटक प्रतिस्पर्धा भएको हो । पृथ्वीसुब्बा २०६४ सालमा लमजुङ क्षेत्र नं २ बाट कांग्रेसका दिलबहादुर घर्तीलाई छ हजार बढी मतान्तरले हराउँदै विजयी हुनुभएको थियो ।

तत्कालीन गिलुङ गाविस-८, टक्सार हाल क्व्होलासोथर गाउँपालिका-९ गिलुङमा २०१४ सालमा गङ्गाप्रसाद र चिनी गुरुङको सन्तानका रूपमा पृथ्वीसुब्बा जन्मिनुभएको हो । उहाँको राजनीतिक यात्रा २०२७ सालमा इशानेश्वर प्रमोद हाईस्कुल, भोर्लेटारबाट सुरु भएको हो । उहाँ त्यो बेला अनेरास्ववियुका तर्फबाट स्ववियु सचिवमा निवार्चित हुनुभयो ।

विज्ञान विषयमा स्नातक तह उत्तिर्ण गर्नुभएका गुरुङ सुरुमा शिक्षण पेसामा आबद्ध हुनुभयो । विसं २०४० मा उहाँ नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको जिल्ला अध्यक्षमा निवार्चित हुनुभएको थियो । एमालेको दसौं महाधिवेशनबाट गुरुङ उपमहासचिवमा निर्वाचित हुनुभएको हो । त्यसअघि उहाँ पार्टीको सचिव हुनुहुन्थ्यो । गुरुङ २०४८, २०५१, २०५६ र २०७० सालमा सम्पन्न निर्वाचनमा पराजित हुनुभएको थियो । विसं २०६४ मा गुरुङ नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हुनुभयो । गुरुङ २०४३ सालमा पञ्चायती व्यवस्थामा तत्कालीन नेकपा मालेका तर्फबाट जनपक्षीय उम्मेदवारका रूपमा निर्वाचनमा होमिनुभएको थियो । उहाँ कारागारबाटै उम्मेदवार बन्नुभएको थियो । तर उहाँ पराजित हुनुभयो । गुरुङले आदिवासी जनजाति महासङ्घको नेतृत्वसमेत गरिसक्नुभएको छ ।




# नेपासा भोजनालयमा 'रैथाने भोजन सप्ताह तथा मःम जात्रा' शुरु

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर



पोखराको हिमालीटोल स्थीत नेपासा भोजनालयमा आजदेखी सप्ताहव्यापी "रैथाने भोजन सप्ताह अनि मःम जात्रा" २०७९ शुरु भएको छ।

नेपासाले आफ्नो चौथो वार्षिकउत्सवको अवसरमा नेपाली खाना, जीवन शैली र संस्कृतिलाई विश्वव्यापी प्रवर्द्धन गर्न हेतुका साथ आयोजना गरेको हो । सप्ताहव्यापी कार्यक्रममा रैथाने परिकारका विभिन्न मेनुहरुमा खानाका पारखीहरु रमाउन सक्ने नेपासाका संचालक एवम कर्याक्रमका संयोजक कुश बहादुर भुजेलले बताए।

भुजेलका अनुसार कुनै पनि क्षेत्रको मौलिकता र पहिचानमा स्थानीय खानको पनि महत्वपूर्ण भूमिका हुने र यसलाई ब्राण्डिङ गर्न सके पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्ने विश्वसा सहित आयोजित कार्यक्रममा पाक शास्त्री सन्दीप खत्रीले खाना पारखीहरुलाई परिकारको बारेमा जानकारी गराएका छन् । खत्रीले रैथाने परिकारहरुमा पूर्वि नेपालका राई लिम्वु जातीका खाना, सून्य क्यालोरीका मःम लोप हुँदै गरेका नेवारी खाना, प्राचिन शासक वर्गका रेसिपी, सिस्नोको आईसक्रिम, सयपत्री फूलको सस लगायतका परिकार भोजना सप्ताहका मेनुमा हुने बताए । यसका साथै क्वाँटी मःम, १५ प्रकारका अन्य मःम, स्पेशल बिबि क्यू लगायतका परिकारहरु रहेका छन् । खत्रीले सधै एउटै मेनुमा रमाइरहेका खाना पारखीहरुले रैथाने भोजना सप्ताहमा फरक स्वादसँगै मौलिक खानाको बारेमा जानकारी लिने अवसर पाएको बताए । यसैगरी सप्ताहव्यापी कार्यक्रममा र प्रख्यात सेफहरुको प्रत्यक्ष सहभागितामा रैथाने खानाका परिकारहरु बनाउने र तिनका बारेमा जानकारी समेत दिइएको छ। इभेन्टमा सहभागि हुनेहरुका लागि गोलाप्रथाद्वारा विजेता बन्ने दुई जनालाई लेकसाईडस्थित होटल रानीबन आर्केडमा १ रात दुई दिन खाना बस्नको सुविधा दिईने भएको छ। साथै फेवातालमा डुंगा सयर गराईने भएको छ। कार्यक्रम अवधिमा ग्यास्ट्रोनोमी एशोशिएसन अफ सेफ संस्थाले प्रमाण पत्र वितरण गर्ने, उत्तम अभियानको रनिङ टर्च पासको अवधारणा शुरु गर्दै देशका सातै प्रदेशमा रैथाने भोजन सप्ताह सञ्चालन गरिने पाक शास्त्री सन्दीप खत्रीले जानकारी दिए।

# राष्ट्रिय औद्योगिक व्यापार मेलाका करिब ७५ प्रतिशत स्टलहरु बुकिङ

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर

पोखराको नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा आयोजना हुने राष्ट्रिय औद्योगिक व्यापार मेलाका करिब ७५ प्रतिशत स्टलहरु बुकिङ भइसकेका छन्।

यही मंसिर १६ देखि २५ गतेसम्म आयोजना हुने मेलामा डोम तथा साधारणतर्फका गरी करिब ७५ प्रतिशत स्टल बुकिङ भइसकेको स्टल व्यवस्थापन उपसमिति संयोजक तथा आयोजक संस्था पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य जीवनप्रकाश श्रेष्ठले जानकारी दिए। मेलामा २५० को हाराहारीमा स्टलहरु रहेको जानकारी दिँदै उनले भने, 'गण्डकी क्षेत्रका उद्योगी/व्यवसायीहरुको उत्पादन तथा नवप्रवर्तनलाई बढावा दिने खालका सामग्रीहरुको लागि हामीले विशेष स्टलको व्यवस्था गरेका छौं,हामी उहाँहरुलाई स्टल राख्नको लागि हार्दिक आमन्त्रण गर्दछौं।' उनले कृषि, महिला तथा हस्तकलाका सामग्री प्रदर्शनको लागि केही स्टलहरु रिजर्भ राखिएको पनि बताए।

स्वदेशी उत्पादनको प्रवर्द्धन, बजारीकरण एवं उत्पादक र उपभोक्तालाई एउटै थलोमा भेला गराउने उदेश्यले आयोजित मेलालाई भव्य र सभ्य बनाउन सबैजसो तयारी अन्तिम अवस्थामा पुगेको आयोजक संस्थाका महासचिव तथा प्रचार-प्रसार उपसमितिका संयोजक बलराम आचार्यले जानकारी दिए। उनका अनुसार मेलामा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका उत्पादनहरुको प्रदर्शनी तथा बिक्री गरिनेछ।

मेलाअन्तर्गत समावेश गरिएका मनोरञ्जनात्मक कार्यक्रम, खानाका स्टलहरुले अवलोकनकर्तालाई सन्तुष्ट बनाउने उनको जिकिर छ । यसैबीच मेलाको मुख्य प्रायोजक पोखराकै प्रतिष्ठित लक्ष्मी हाउसको उत्पादन समृद्धि स्टिल्स रहने भएको छ। नेपालमा बढ्दो भौतिक निर्माण एवं आत्मनिर्भर अर्थतन्त्रको लागि स्वदेशी स्टिल्स कम्पनीहरुले पुऱ्याएको योगदानको मूल्याङ्कन गर्दै नेपालकै पुरानो ब्राण्ड राष्ट्रिय औद्योगिक व्यापार मेलालाई समृद्धि स्टिल्स राष्ट्रिय औद्योगिक व्यापार मेलामा रुपान्तरण गरिएको संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले बताए।

'सिमेण्ट, छड, स्टिल्सलगायतका निर्माण सामग्रीहरु नेपालमै उत्पादन हुनु खुसीको कुरा हो', उनले भने, 'यसले नेपाली पूँजी नेपालमै राख्न मद्धतमात्र गर्दैन, उद्यमशीलता र रोजगारीलाई पनि प्रोत्साहित गर्छ, मेलाको उदेश्य नै स्वदेशी उद्यमशीलताको विकास भएकाले स्वदेशी उद्योगको प्रवर्द्धन गरिएको हो।'

# पोखराको एभरेस्ट एफएमले मनायो दोश्रो वार्षिकोत्सव

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर



पोखराबाट प्रशारण हुने एभरेस्ट एफएम ९३ मेगाहर्जले मानव सेवा आश्रम पोखरा-२५ हेमजाका लागि एउटा कोठा निर्माण गरिदिने भएको छ । एभरेस्ट मिडिया हाउस प्रालिद्वारा सञ्चालित एभरेस्ट एफएमको दोश्रो वार्षिकोत्सवको अवसरमा आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मानव सेवा आश्रममा एभरेस्ट कक्ष निर्माण गर्ने घोषणा गरिएको हो।

आश्रम प्राङ्गणमै आयोजित वार्षिकोत्सव विशेष कार्यक्रममा एफएमले कक्ष निर्माणका लागि लाग्ने सवा पाँच लाख रकम मध्ये पहिलो किस्ता स्वरुप १ लाख रुपैयाँ शनिबार हस्तान्तरण गरेको छ। कार्यक्रममा एफएमकी अध्यक्ष कर्मकुमारी गुरुङले मानव सेवा आश्रमका पोखरा प्रमुख होमनाथ तिमिल्सिनालाई सो रकम हस्तान्तरण गरेकी हुन्।

यसअघि एफएम सञ्चालन शुभारम्भको अवसरमा २०७७ सालमा पनि रेडियोले मानव सेवा आश्रम पोखरालाई १ लाख ५० हजार १ सय ११ रुपैयाँ प्रदान गरेको थियो भने प्रथम वार्षिकोत्सवको अवसरमा एफएमले गत वर्ष खादरजुङ्गको एक आधारभूत विद्यालयका बालबालिकालाई न्यानो कपडा वितरण गरेको थियो । यसैबीच, एफएमले दोश्रो वार्षिकोत्सवको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमपनि गरेको छ । कार्यक्रममा एफएमका प्राविधिक प्रमुख पञ्चसुबा गुरुङ (दीलु) बेष्ट स्टाफ अफ दी ईयर घोषित भए। उनलाई नगद रकम १५ हजार ६ सय ७५ रुपैयाँसहित दोषल्ला, माला र सम्मानपत्रले सम्मानित गरिएको थियो।

अध्यक्ष कर्मकुमारी गुरुङ, प्रमोटर दीपक कार्की, प्रबन्ध निर्देशक दीपेन्द्र श्रेष्ठ, मार्केटिङ डाइरेक्टर भोलाकुमार श्रेष्ठ, टेक्निकल डाइरेक्टर रविभुषण पराजुली, समाचार प्रमुख सन्देश श्रेष्ठ, जुना थापा लगायतले नगद रु १५ हजार ६ सय ७५ सहित दोसल्ला, ताम्रपत्र र दोषल्ला ओढाएर सम्मान गरेका थिए। एभरेस्ट एफ एम 'आवाज बिहिनका आवाज' मुलमन्त्रका साथ एभरेस्ट मिडिया हाउस प्रा.लि.द्वारा पोखराबाट प्रसारण हुने एक ब्यवसायिक प्रसारण संस्था हो । एभरेस्ट मिडिया हाउसले एम.एम.संगै एभरेस्ट आवाज डटकम नामक अनलाइन न्यूज पोर्टल पनि संचालनमा गर्दै आएको छ। यसैबीच, एफएमका प्रमोटर तथा सिटिजन फर्निचर ट्रेड लिंकका प्रोप्राइटर दीपक कार्कीले रेडियोको परोपकारी कामबाट प्रभावित भई मानव सेवा आश्रमका लागि थप अर्को एउटा कक्ष निर्माण गरिदिने घोषणा गरेका छन्। उनले त्यसका लागि ५ लाख ५५ हजार ५५५ प्रदान गर्ने घोषणा गरेका हुन्। उक्त रकम केहि दिन भित्रै हस्तान्तरण गर्ने उनले बताए। पोखरा २५ हेम्जा बाबियातरामा संचालित आश्रमको अहिले भवन निर्माणाधिन अवस्थामा छ । आश्रमको भवन निर्माण सम्पन्न गर्न र अक्षयकोष श्रीबृद्धिको लागि 'मानवताको लागि संगीतिक यात्रा' भन्ने नाराका साथ पोखरामा यहि पुष १२ गते नेपथ्य लाईभ कन्सर्ट हुँदैछ। कन्सर्ट पोखराको नयाँबजार स्थित प्रदशनी केन्द्रमा हुने आश्रमका प्रमुख होमनाथ तिमिल्सिनाले जानकारी दिए।

# एक सय २५ क्षेत्रको मतपरिणाम सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर

यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत हालसम्म एक सय २५ क्षेत्रको मतपरिणाम आइसकेको छ।

निर्वाचन आयोगको सूचना प्रणालीमा प्रविष्ट भएको विवरणानुसार प्रतिनिधिसभातर्फ पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ ती क्षेत्रको मतपरिणाम सार्वजनिक भइसकेको छ भने चार क्षेत्रबाहेक अन्य क्षेत्रमा मतगणना भइरहेको छ । समानुपातिक प्रणालीको मतगणना पनि एकैसाथ भइरहेको छ।

दोलखा, स्याङ्जा-२ र बाजुरामा मतगणना सुरू हुन बाँकी रहेको छ । दोलखा र स्याङ्जामा सत्तापक्ष र प्रतिपक्षबीच विवादका कारण मतपेटिका सङ्कलन भइसके पनि गणना सुरू हुनसकेको छैन । त्यहाँका विवाद भएका मतदानस्थलमा पुनः मतदान गराउने या मतगणना सुरू गर्ने भन्ने विषयमा आयोगले निर्णय गर्न बाँकी रहेको छ। बाजुराको बूढीनन्दा नगरपालिका-५ स्थित नन्देश्वरी मावि, पिपलचौर मतदान केन्द्रमा शनिबार मतदान सम्पन्न भएको छ।

# ई.अ.स पश्चिमाञ्चल क्याम्पसमा पुर्नमिलन कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर



ई.अ.स पश्चिमाञ्चल क्याम्पस, लामाचौर पोखरामा शनिबार पूर्वविद्यार्थीहरूसँग पुर्नमिलन कार्यक्रम सम्पन्न भएको छ।

पश्चिमाञ्चल क्याम्पसको ३५ औं वार्षिक उत्सवको पूर्वसन्ध्यामा क्याम्पस प्रशासनद्धारा स्थापनाकालदेखि अहिलेसम्म क्याम्पसमा अध्ययन गरेका सम्पूर्ण विद्यार्थीहरूसँग पुनर्मिलन गर्ने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रममा पूर्वविद्यार्थी मञ्च, पश्चिमाञ्चल क्याम्पस तदर्थ समितिका सचिव उमेश रुपाखेतीले पूर्वविद्यार्थी मञ्चका लागि विधान तयार गरी जिल्ला प्रशासनमा 'पूर्व विद्यार्थी मञ्च, पश्चिमाञ्चल क्याम्पस' दर्ता प्रक्रियालाई अघि बढाएकोमा आफूहरू हर्षित रहेको जानकारी गराउनु भएको थियो। क्याम्पसका सहायक क्याम्पस प्रमुख ई. सुरेश तिमिल्सिनाले क्याम्पसका गतिविधिहरू र भावी कार्ययोजनाका बारेमा गहन प्रस्तुति दिनुका साथै देशका विभिन्न क्षेत्रका नीति निर्माता, सफल व्यवसायी तथा प्राविधिकका रूपमा रहेका पूर्वविद्यार्थीहरू क्याम्पसलाई गतिशील गराउने गौरवका आधार भएको वताउनु भयो । क्याम्पसका पूर्वविद्यार्थी उर्जा सचिव श्री रामकुमार श्रेष्ठ र ई. दामोदर तिवारीको पहलमा क्याम्पसको नवनिर्मित भवनमा २० किलोवाटको सोलार उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश सरकारको सहयोग प्राप्त भएको, त्यसैगरी पूर्वविद्यार्थी ई.राम पराजुली, ई. सोभियत खड्काको पहल तथा पूर्वविद्यार्थी निवर्तमान भौतिक योजना तथा सहरी विकास पुर्वाधारमन्त्री कुमार खड्काको सहयोगमा क्याम्पसको सिभिल एकेडेमिक ब्लकको मल्टिमिडिया हल निर्माण कार्य भइरहेको तथा पूर्वविद्यार्थीहरू ई.धुब्र भट्टराई र ई.नविन गौतमको पहलमा क्याम्पस परिसरभित्र ओपन जिम निर्माण कार्य पोखरा महानगरपालिकाको सहयोगमा सम्पन्न भएकाले सम्बद्ध सबैप्रति क्याम्पस परिवार आभारी रहेको वताउनुभयो । कार्यक्रमका प्रमुख अतिथि निवर्तमान माननीय मन्त्री कुमार खड्काले यस क्याम्पसमा आफूले अध्ययन गर्दाको समयभन्दा अहिले क्याम्पस स्तरोन्नति भई नयाँ नयाँ कार्यक्रमहरू थपिएकाले आवश्यकताहरू पनि बढ्दै गईरहेको वताउनुभयो । त्यसैले गर्दा पनि क्याम्पसमा अध्ययन सम्पन्न गरेर कार्यक्षेत्रमा लागेका विद्यार्थीहरू आफैले मनन् गरी क्याम्पसलाई आवश्यक सहयोग गर्नुपर्ने धारणा राख्नुभयो । क्याम्पसका क्याम्पस प्रमुख ई. निर्मलप्रसाद बरालले क्याम्पसका लागि अत्यावश्यक भौतिक पूर्वाधारको विकासमा पूर्वविद्यार्थीहरूको अविस्मरणीय योगदान रहँदै आएको र आगामी दिनहरूमा पनि साथ सहयोग आवश्यक रहने वताउँदै उपस्थित सम्पुर्णलाई धन्यवाद व्यक्त गर्नुभएको थियो। क्याम्पस प्रमुख बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा ईलेक्ट्रोनिक्स तथा कम्प्युटर विभागका उपप्रध्यापक होमनाथ तिवारीले स्वागत् मन्तव्य राख्नुभएको थियो भने कार्यक्रम सञ्चालन क्याम्पसका पुर्वविद्यार्थी तथा सिभिल विभागमा कार्यरत उपप्रध्यापक नारायणप्रसाद दवाडीले गर्नुभएको थियो।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

